# विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति

# Student Financial Assistance Fund Development Board (SFAFDB)

सानोठिमी, काठमाडौं

चलानी नं. ६३

चलानी मितिः२०७६/११/०६

मिति २०७६।११।०६

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ

द.नं. २२२६
११।११

**विषयः विपन्न लक्षित फाराम भर्ने भराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिले विद्यार्थीहरूको आवश्यकता पहिचान गरी विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको छ ।सो सम्वन्धमा विद्यालयहरूलाई मिति २०७६।१२।२० गते सम्ममा फाराम भराउने बारेमा स्थानीय तहहरूलाई जानकारी गराइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

विपन्न लक्षित छात्रवृत्तिका लागी विद्यालयहरूले गर्नुपर्ने कार्यहरू:

१. फाराम भराउन योग्य विद्यालयहरू देशभरका कक्षा ८ सम्म वा कक्षा १२ सम्म संचालित सामुदायिक विद्यालयहरु, नियमित रुपमा सरकारी अनुदानप्राप्त परम्परागत विद्यालयहरु गुरुकुल/आश्रम, गुम्बा, मदरसाहरु हुनेछन् ।
२. विपन्न लक्षित छात्रवृत्तिकालागि चाहिने पि.एम.टी एक्सेल (Online Entry का लागि) विद्यालयहरूले iemis.doe.gov.np मा जाने, Log in गर्ने, Export Excels मा जाने, PMT Exporting मा क्लिक गर्ने, सालमा २०७६ छान्ने, कक्षामा ८ र १० राख्ने, अनि Go गर्ने । यति गरेपछि तपाईको Desktop मा PMT भर्ने Excel निस्किन्छ त्यसैमा विवरण भर्ने ।
३. विवरण भर्न सर्वप्रथम फाराम sfafdb.edu.np वाट फाराम डाउनलोड गर्ने, फाराममा दिइएको सम्पुर्ण विवरण भरे पश्चात स्थानीय तहवाट प्रमाणीत गर्ने (फाराममा उल्लेख गरीएको छ)।
४. अनलाइन प्रविष्टी गर्न सहजताका लागी sfafdb.edu.np मा भएको youtube video हेर्नुहोला ।
५. छात्रवृत्तिमा विद्यार्थीहरू छनोट भएमा कक्षा ८ का विद्यार्थीहरूलाई कक्षा ९ र कक्षा १० मा छात्रवृत्ति उपलव्ध गराइनेछ भने कक्षा १० का विद्यार्थीहरूलाई कक्षा ११ र १२ मा पुगेपछी छात्रवृत्ति रकम उपलव्ध गराइने छ ।
६. विद्यार्थीहरूलाई छात्रवृत्ति वापत कक्षा ९ र १० कालागि प्रति कक्षा प्रति विद्यार्थी बार्षिक रु ६,०००। र कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरतका बार्षिक रु २४,०००। विज्ञान बाहेक अन्य विषयमा कक्षा ११ र १२ का लागि बार्षिक रु १८,००० । विद्यार्थीको बैंक खातामा निकासा हुनेछ ।
७. छात्रवृत्तिको नतिजा २०७६।१२।२५ गते प्रकाशित गरिनेछ। छनौट नतिजाकालागि विद्यालयहरूले iemis.doe.gov.np मा गई आफ्नो user name र password को प्रयोग गरी Poverty Report वाट नतिजा प्राप्त गर्ने ।
८. छात्रवृत्तिको नतिजा प्रकाशन भएपछि छनोट भएका विद्यार्थीहरूलाई कक्षा ९ मा भर्ना हुनासाथ र कक्षा १० वाट आवेदन गर्ने विद्यार्थीहरूले कक्षा ११ मा पुगेपछी (SEE को नतिजा पश्चात) Poverty Report मा दिइएको सूचना अनुसार विद्यार्थीहरूलाई पायक पर्ने 'क' वर्गको बैंकमा खाता खोलाउने ।
९. थप जानकारीका लागी मोवाइल वाट SFA टाइपगरी ३७००१ मा एस.एम.यस गर्नुहोला ।

श्री योजना तथा अनुगमन महाशाखा

कलावती विष्ट
प्रशासकीय अधिकृत